# चौंरीदेउराली गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)

[illegible], काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

मितिः २०७८/०४/१०

**सूचना !** **सूचना !!** **सूचना !!!**

**विषयः सामाजिक सुरक्षा परिचय पत्र नविकरण सम्बन्धी सूचना ।**

चौंरीदेउराली गाउँपालिकाको आ.व. २०७८/०७९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको सामाजिक सुरक्षा परिचय पत्र नविकरण गर्नका लागि कात्तिके देउरालीमा रहेको NCC Bank भवनमा वडा कार्यालय र पालिकाको समन्वयमा परिचय पत्र नविकरणको व्यवस्था मिलाएको हुँदा मिति २०७८/०४/०१ को सूचना बमोजिम आवश्यक कागजातहरु लिई परिचय पत्र नविकरण गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

# चौरीदेउराली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क,भकुण्डे,काभ्रेपलाञ्चोक
बागमती प्रदेश,नेपाल

मिति: २०७८/०४/०१

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाभित्रको सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई आ.व.२०७८/०७९ को श्रावण १गते देखि कार्तिक मसान्तभित्र अनिवार्य रुपमा आफनो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन सूचित गरिन्छ। वालवालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा,बाबु,संरक्षक,माथवर वा संरक्षकले निवेदन दिन सक्नेछ। तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु:**

- नागरिकता प्रमाण पत्रका प्रतिलिपी,
- वालवालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र दोश्रो विवाह नभएको प्रमाणपत्र,
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- विवाह नगरेको महिलाको हकमा वडाको सिफरिस पत्र,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा यसै सूचना साथ संलग्न छ।

(नोट: माथि उल्लिखित आवश्यक कागजातहरु २ प्रति लिई वडामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेख राख्नुहुन सबै वडा कार्यालयहरुलाई अनुरोध गर्दछु।)

महान दास लामा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत